जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २४६ २०८१ साल बैशाख २४ गते सोमबार (6 May 2024 Monday) मूल्य रु. ५/-


सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय पाठ्यक्रमको महत्व.. ३ पृष्ठमा : अब आउने वर्षाले आगलागी.. ३ पृष्ठमा : संदिग्ध काश्मिर विद्रोहीद्वारा...

## राविं नपाको सिफारिसमा विद्यार्थीको “ब्लड ग्रुप टेस्ट” गरि शुल्क असुल्दै गैसस

### शुल्क लिने कार्य गैससको विधान विपरीत : वरिष्ठ केन्द्रिय उपाध्यक्ष देव





**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

गैरसरकारी संस्था गैर नाफामूलक संस्थाको अवधारणालाई अंगालेको हुन्छ । तर, सोही संस्थाले कुनै पनि बहानामा रकम वा शुल्क लिनु गैरकानुनी हो र गैससको विधान विपरीत पनि हो ।

तर, सप्तरीमा एक गैरसरकारी संस्थालाई राजविराज नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले नगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुलाई रु. ५० का दरले ब्लड ग्रुप टेस्ट गर्नका लागि सिफारिस दिएको छ ।

कोशी प्रदेशको सुनसरी जिल्लाका युनिक नेपाल नामक गैससलाई उक्त कार्य गर्न सो शाखाका वरिष्ठ अधिकृत भोगेन्द्र यादवद्वारा हस्ताक्षरित सिफारिसपत्र उल्लेख छ ।

सो संस्थाले आइतबार राजविराजस्थित एक संस्थागत विद्यालयमा विद्यार्थीहरुको ब्लड ग्रुप टेस्ट गर्दै गरेको अवस्थामा शुल्क लिएपछि केही अभिभावकहरुले त्यसको प्रतिवाद गर्दा संस्थाले राजविराज नगरपालिकाले दिएको सिफारिस पत्र देखाएको थियो ।

संस्थाले गत वर्ष फागुन १४ गते उक्त सिफारिस पत्र पाएको थियो । संस्थाले राजविराज नगरपालिका क्षेत्र भित्र झण्डै १० हजार विद्यार्थीको ब्लड ग्रुप टेस्ट गरे वापत रु. ५ लाख शुल्क उठाउने देखिन्छ । यसरी गैरकानुनी रुपमा शुल्क उठाउन नगरपालिकाले दिएको सिफारिस उपर शंका गर्ने प्रसस्तै ठाउँ देखिन्छ ।

उक्त सिफारिस पत्रमा “संस्थाले सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सशुल्क ब्लड ग्रुप क्याम्पिन संचालन गरि उठेको रकमबाट असहाय बालबालिका, एकल महिलाहरुलाई सीपमूलक तालिम, अनाथ आश्रममा सहयोग लगायत बृद्धाआश्रमहरुलाई चाहिने आवश्यक सहयोगका लागि ब्लड ग्रुप टेस्ट क्याम्पिन यस नगरपालिका अन्तरगतका विद्यालयहरुमा संचालन गर्न अनुमति माँग भई आएको हुँदा नियमति प्रअको बैठकको निर्णय अनुसार विद्यालयमा विद्यार्थीहरुको इच्छा अनुसार प्रति विद्यार्थी रु. ५० का दरले ब्लड ग्रुप टेस्ट गर्नका लागि सिफारिस साथ अनुरोध छ ।”

शिक्षा, युवा तथा खेलकुद शाखाका वरिष्ठ अधिकृत यादवले भने सो संस्थालाई ब्लड टेस्ट सेम्पलिन क्याम्पिन गर्न प्रअहरुको नियमति बैठकको निर्णयको आधारमा सिफारिस दिइएको हो ।

उक्त सम्बन्धमा गैसस महासंघ नेपालका वरिष्ठ केन्द्रिय उपाध्यक्ष ध्रुव देवले भने, “कुनै पनि गैससलाई रकम वा शुल्क उठाउने अधिकार छैन, त्यो गैससको विधान विपरीत कार्य हो, यदी उक्त कार्य गरिएको पाइएमा त्यो गैरकानुनी हुन जान्छ र सो संस्थालाई ठगि मुद्दा समेत लगाउन सकिन्छ ।”

यस्तै गैसस महासंघ नेपाल सप्तरीका अध्यक्ष दिपक झाले गैससको काम सामाजिक क्रियाकलाप त्यो पनि निशुल्क रुपमा गर्ने हो । ती संस्थाहरुले आफ्नो दातृ संस्थाको सहयोगमा निशुल्क कार्य गर्नुपर्छ । उनले भने, “कुनै शुल्क वा रकम लिनु भनेको गैरकानुनी र गैससको विधान विपरीत हो ।”

यस्तै गैससका सप्तरी सदस्य बिरेन्द्र मण्डल भन्छन्, छिमेकी जिल्लाका गैससलाई रु. ५० को दरले शुल्क लिएर विद्यार्थीको ब्लड ग्रुप टेस्ट गर्न सिफारिस गरिएकोप्रति घोर आपत्तिजनक र अव्यवाहरिक कार्य हो भन्दै सिफारिस तुरुन्त रद्द गरि उक्त प्रक्रिया उपर छानबिन गरि दोषिमाथी कारवाहीको माग गरेका छन् ।

## पत्रकार खतिवडा र यादव “प्रेस स्वतन्त्रता सेनानी” बाट सम्मानित





**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

सप्तरीका दुई जना पत्रकार प्रेस स्वतन्त्रता सेनानीबाट सम्मानित भएका छन् ।

नेपाल पत्रकार महासंघको २७ औ केन्द्रिय महाधिवेशनले सप्तरीका प्रकाश खतिवडा र देवराम यादवलाई प्रेस स्वतन्त्रता सेनानीबाट सम्मानित गरेको हो ।

खतिवडा समाजवादी प्रेस संगठनका नेता तथा नेपाल पत्रकार महासंघ सप्तरीका पुर्वसभापती हुन् भने देवराम यादव प्रेस सेन्टर नेपालका केन्द्रिय सल्लाहकार तथा प्रेस काउन्सील नेपालका पूर्वसदस्य हुन् ।

यसअघि सप्तरीबाट वरिष्ठ पत्रकार बैजनाथ झा समेत सो सम्मानबाट सम्मानित भइसकेका छन् ।

## अशोक राईको अध्यक्षतमा नयाँ पार्टीका लागि निर्वाचन आयोगमा निवेदन



**दैनिक समाचारदाता**
**काठमाडौं, २३ बैशाख ।**

जनता समाजवादी पार्टी नेपाल फुटेको छ । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल विभाजन भएर अशोक राईको अध्यक्षतामा नयाँ पार्टी गठनको प्रक्रियामा रहेको छ ।

हाल जसपा नेपालका १२ सांसद छन् । अध्यक्ष उपेन्द्र यादव भने अमेरिकाको भ्रमणमा रहेको बेला राईको पक्षमा ७ जना सांसद उभिएका छन् । राइसँग वन मन्त्री नवलकिशोर साह सुढी, वीरेन्द्र महतो, प्रदीप यादव, रन्जु झा, हसिना खान र शुसिला श्रेष्ठ छन् ।

संसदमा प्रतिनिधित्व गर्ने ७ जना सांसदले छुट्टै दल दर्ताका लागि निर्वाचन आयोगमा आइतबारै निवेदन समेत दर्ता गराएका छन् ।

यता सांसद प्रदिप यादवले नयाँ दलको नाम जनता समाजवादी पार्टी (जसपा) प्रस्तावित गरिएको जनाए । यसअघि उपेन्द्र यादव अध्यक्ष रहेको जनता समाजवादी पार्टी नेपालबाट नेपाल भन्ने शब्द हटाएर आफूहरुले जनता समाजवादी पार्टी नामको दल दर्ताका लागि निवेदन दिएको उनले बताए ।

## जेसीजलाई युवाहरु माझ पुर्‍याउनु आवश्यक : राष्ट्रिय उपाध्यक्ष राजवंशी



**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष योगेश राजवंशीले जेसीज युवाहरुको नेतृत्व क्षमता वृद्धि गर्ने संस्था रहेकोले युवाहरु माझ यस संस्थालाई पुर्‍याउनु आवश्यक रहेको बताएका छन् ।

राजविराज जेसीजको भ्रमणका क्रममा आयोजना गरिएको “मिट एण्ड ग्रिट” कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

उर्लाबारी जेसीज, मोरडका बर्ष २०२३का अध्यक्ष भई नेपाल

*बाँकी तीन पृष्ठमा*

## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौं,
- घर वरिपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङ्गमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सप्तरीको सिंचाई क्षेत्रमा सुधार आवश्यक

सप्तरी जिल्लाका अधिकांश जनता कृषिमै निर्भर छन् । यद्दपी यहाँको सिंचाई र कृषिमा अपेक्षा अनुकुलको सुधार आउन सकेको छैन् । धान उत्पादनको दृष्टिकोणले महत्वपूर्ण रुपमा चिनिदै आएको यस जिल्ला सिंचाई आवश्यकता अनुसारको सुविधा अझै उपलब्ध छैन् । समतल र उर्वराभुमि रहेको सप्तरी जिल्लामा धान मात्र नभई अन्नबाली र अन्य तरकारीबालीको पनि उत्पादन राम्रै हुदै आएको छ । तर बिगत दुई दशकयता जिल्लामा धानबालीसँगै अन्यबालीहरुको उत्पादन घट्दो छ । धानबाली र अन्नबालीको उत्पादनमा आएको कमीले यहाँका किसानहरु चिन्तित छन् ।

कृषिका लागि सिंचाईको निकै नै समस्याहरु रहेका छन् । सिचाईको उचित व्यवस्था नहुँदा कृषि उत्पादनमा कमी आउदाँ समेत सम्बन्धित निकायले ध्यान पुऱ्याउन सकेको छैनन् । बर्षाको भरमा खेती गर्ने यहाँका किसानहरु बर्षा नभए खडेरीको मार समेत खेप्दै आएका छन् । रोपाई गरेको धानबालीमा पानीको मात्रा कम भएकाले बालीको जुन किसिमले विकास हुनुपर्नेथ्यो त्यो हुन सकेको छैन् । यता सिचाईको आभावमा बर्षेनी सप्तरीमा कृषि उत्पादनमा ह्रास आउँदा पनि सम्बन्धित निकाय यस समस्याप्रति गम्भीर नहुनु दुर्भाग्यपुर्ण हो ।

तसर्थ यस जिल्लाका करिब ९० प्रतिशत जनता कृषि क्षेत्रमै आश्रित रहदा पनि सम्बन्धित निकायको मौनताका कारण उनीहरु झनै निराश भएका छन् । कृषि क्षेत्रको उर्वरा शक्ति बढाउन सरकार र सिंचाईको उचित व्यवस्था मिलाउन सम्बन्धित निकाय र तीनै तहको सरकार गम्भिर हुनु आवश्यक छ । सिंचाई क्षेत्रको सुधारका निम्ति उचित कदम चाल्नु अत्यन्त जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्थानीय पाठ्यक्रमको महत्व र लक्ष्य

**डा दीपेन्द्र रोकाया**

काठमाडौं, २३ वैशाख (रासस) ।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा गएसँगै ७५३ स्थानीय तह छन् । उनीहरुले १०० पूर्णाङ्कको एउटा स्थानीय पाठ्यक्रम निर्माण गर्न पाउने संवैधानिक अधिकार पाएका छन् । कक्षा १ देखि ८ कक्षासम्मका लागि पढ्ने पाठ्यक्रम कसरी बनिरहेको छ ? वा के अभ्यास भइरहेको छ ? जान्न आवश्यक छ ।

स्थानीय पाठ्यक्रम आवश्यक छ ? केही समयअघि हुम्लाको सर्केगाड र चैतको पहिलो साता अदानचुली गाउँपालिकामा पुग्ने क्रममा स्थानीय पाठ्यक्रमविज्ञ, स्थानीय तहका पदाधिकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रध्यानाध्यापक र विशेष कक्षा शिक्षकशिक्षिकासँग अन्तरक्रिया गर्ने अवसर मिल्यो । अहिलेसम्म हामीले पढ्ने पुस्तक काठमाडौँमा काठमाडौँकै विज्ञद्वारा देखिएको प्राथमिकतामा लेखिएका र प्रकाशन भएका हुन्थे । तिनका बारेमा हामीले प्रश्न गर्ने ठाउँ थिएन । निर्धारित पाठ्यक्रम पढ्नु हाम्रो कर्तव्य थियो । शिक्षकहरुले पढाउनु पर्दथ्यो र पढाउनु हुन्थ्यो । हामीले पढिरहेका विषयवस्तु जस्तै परिवेश, प्रकृति, प्रविधि, चाडवाड, संस्कार, संस्कृति, व्यक्तित्व, उद्यम, उत्पादन आदि यहाँका पनि थिए तर यिनको बारेमा कहिल्यै चर्चा हुँदैनथ्यो ।

यसअघि आमाको काखमा बसेर सिलोक सुन्दै लिएको शिक्षाको गणना भएको थिएन । बुबा तथा दाजुहरुले हाट र भोट तथा खर्क जाँदाका अनुभव सुनाएका ज्ञानलाई पढाइसँग जोडिएकै थिएन । गाउँघरका सीप र संस्कारले प्रचार हुने मौकै पाएनन् । पाठ्यक्रम विकास केन्द्रमा न पहुँच थियो, न यहाँका सिद्धहस्त लेखक थिए । यसैले स्थानीय ज्ञान र सीपबारे प्रकाशनमा आएको थिएन । सङ्घीयताले त्यो अवसर दिएको छ । दिगो विकास लक्ष्यले पनि स्थानीयकरणमा जोड दिदै आएको छ । यसैले स्थानीय सरकार पाठ्यक्रम निर्माणमा लागिरहेको देखियो ।

प्राथमिकता केमा दिने ? खास कुरो यसमा छ । जहाँ आफ्नो आवश्यकता महसुस गर्न सकिदैन, त्यहाँ प्राथमिकता निर्धारण गर्न सकिदैन । समाजमा आवश्यकताहरु अनगिन्ती हुन्छन् । आवश्यकताहरुलाई प्राथमिकीकरण गर्न सके मात्र सही समयमा सम्बोधन गर्न सकिन्छ। सम्बोधनको माने सम्पादन हो । अझ स्पष्ट रुपमा भन्नु पर्दा काम गर्न सकिने हुन्छ ।

प्राकृतिक स्रोत र सम्पदा हुनुले यहाँ गाउँ बस्ती बसेको हो । यसैले तिनको बारेमा खोजीनीति हुनु पर्छ । यहाँ बस्ती हुनुले सामाजिक रहनसहन बनेका छन् । तिनको जानकारी दिनु पर्छ । समाजलाई धर्म, संस्कृति र चाडपर्वले एकतामा ल्याएको छ । त्यसको गहिरो प्रभाव सबैमा परेको हुन्छ । यसले नजिकको अनुभूति दिने गर्छ । बाँच्नका लागि पेशा व्यवसाय गर्नै पऱ्यो । विभिन्न प्रविधि अपनाउनै पर्छ । तिनको खोजी र लेखाजोखा हुनपर्छ । जसका आधारमा उत्पादन हुन्छ । उपभोग गर्ने पनि विभिन्न तौरतरिका छन् । विशेष पहिरन छन् । तिनको महत्व छ । त्यो पनि खोजीको विषय बनाउनु पर्छ ।

आफ्नो गाउँ बस्ती कस्तो ठाउँमा छ र सम्भावित विपतको व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा पनि सोच्न आवश्यक छ । एवं प्रकारले प्राकृतिक वनस्पति, जडीबुटी र जैविक विविधताको बारेमा जान्न आवश्यक छ । आफ्नो गाउँठाउँको बारेमा यस्ता कुरा जानकारी नभएको व्यक्तिले बाहिर कसरी समृद्ध परिचय दिन सक्छ र ? यसैले आवश्यकताको पहिचान गर्न र प्राथमिकता छनौट गर्न सक्नु पर्छ ।

पढाइ र परिक्षाको प्रभाव कस्तो हुन्छ ? पढे लेखेकालाई थाहा हुन्छ । दुबै पालिकामा भएको छलफलमा आफ्नो आवश्यकता, प्राथमिकता र आफ्नो पहिचानका बारेमा कुराकानी भयो । छलफल र अवलोकनबाट के पाइयो भने सबै गाउँ-ठाउँले आफ्नो इतिहासको बोध गराउन चाहेको देखियो । वर्तमानको चाहना प्रस्ट्याउन खोजेको अनुभूति भयो । यसले भविश्यको आँकलन गर्न सहज हुन्छ । अहिले पाठ्यक्रमको विषयसूची खोजीरहेका छन्, भोलि त्यसको लेखन भएर पठनपाठन हुँदा स्थानीय गाउँठाउँ जिउँदो जाग्दो हुनेछ । यस पाठ्यक्रममा उत्तीर्ण भएका विद्यार्थीले दिने परिचय र भास्य पक्कै नयाँ हुनेवाला छ । अक्षरको ताकत कति हुन्छ ? अक्षरसँग खेल्नेहरुलाई थाहा हुन्छ ।

आफ्नो गाउँबस्तीलाई जिउँदोजाग्दो बनाउन हरेक जेष्ठ नागरिकलाई अनुभव बैंकको रुपमा लिएर उनको जीवनी र अनुभव लेख्ने अभियान चलाउन आवश्यक देखिन्छ । यिनै सामग्रीले स्तरीयताको आधारमा भोलि भौगोलिक रुपमा प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पहुँच पाउन सक्छ । अहिले विश्व एक गाउँ बनेको बेला प्रभाव विस्तार गर्न सक्ने हो भने सबै ठाउँ केन्द्र बनाउन सम्भव छ । सर्की देउ र फुचा, रोडिकोट, गोठी हुँदै बगेर आउने खोला ठुलो भएकाले तर्न गाह्रो हुँदा गार भनिने कुरालाई जोडेर पहिले सर्कीगार भनिएको कुरा लेख्नेहरुकै कारण सर्केगाड लेख्ने गरिएको छ । सङ्घीयतापछि सर्केगाड गाउँपालिका नामाकरण गर्नुका साथै पालिका केन्द्र पनि यहीँ राखिएको छ । यो पालिका जिल्लाकै केन्द्र भागमा पर्दछ ।

कैलाश पर्वतमालाको दक्षिणी भाग सर्केगाडको सल्लीसल्लासम्म फैलिएको छ । कर्नाली नदी पनि यहीँसम्म दक्षिण पूर्व भएर बग्दछ । सल्लीसल्लाको माथि जैर गाउँले कैलाशको जरोको रुपमा परिचय दिन खोजेको छ । मेथाले तीर्थस्थलको रुप खोजी रहेछ । दशरा मेलाले रामायणकालीन इतिहास खोज भनीरहेको छ । तुम्चको देवलले मल्ल राजाहरुको कला संस्कृतिको डोब देखाइरहेको छ । रिपले लाखापानी, मालिका तीर्थ र तामा तथा क्वार्जको खानी देखाइरहेको छ । उनापानीले तातोपानी खोला, गुसाल्या बस्ती र सात सर्की उत्पन्न भएको कथा सुनाइरहेको छ । रिप र उनापानीले भूस्वको रमाइलोपन बयान गरिरहेका छन् ।

सायाँले कर्नाली थुनेको ठेली, नाइती सल्ली तथा प्रशासकीय केन्द्र हुनुको जानकारी दिइरहेको छ । गोठीले तल्ढरी, पोखी पाटन तथा शिक्षाको जग हालेको इतिहास खोज्न लगाइरहेको छ । बराइले यहाँको उत्पादनले पाएको महत्व, नाप्ल्या थाप्ल्या र देवाकाँधको महत्व दर्शाइरहेको छ । रोडिकोटले रोजेर बसेको कोट, शेराको जिउलो र भीमसेनले हाम फालेको फटकाल्ला चिनाइरहेको छ । सायाँ, गोठी, रोडिकोट र छ्यागीका ठकुरी बस्तीले गौरा पर्वको जानकारी दिइरहेका छन् ।

रादेउले महादेउ, रादेउ, झादेउ, भ्यारानी भ्या गवाला र हिल्साको इतिहास सुनाइरहेको छ । दुधेदह, भीउदूलो, छिन्ट्या ढुङ्गो, न्यारी चौर, हलाजु-डब्टीको हल गोरुको कथा भनिरहेको छ । भोराबाडा उत्तनुको नालीबेली सुनाइरहेको छ । बाइथला, दानीखोला र फुचिलो धनको कथा फुचाले सुनाइरहेको छ । थपाल्या ब्यासी समुदायले नयाँ वर्षको रुपमा मान्ने गरेको भूवो, नयाँ वार्षिक कार्यक्रम सार्वजनिक गर्ने दिनको रुपमा रहेको हरेलो र साउनपुनी पर्वको जानकारी दिइरहेको छ ।

तीनखुट्टे ओदान जस्तै चुलीलाई ओदानचुली भन्ने गरिन्थ्यो । लेख्नेहरुले अदानचुली लेखेका कारण सङ्घीयतापछि अदानचुली गाउँपालिका नामाकरण भएको छ । यहाँ छ वटा वडा रहेका छन् । कल्याले कपिलदेव ऋषिले तपस्या गरेको धनगुफा, भाँड कुक्का र मुन्ट्याचौरको महिमा सुनाएको छ । श्रीनगरले यहाँको पोखरी बगेर गल्वा भएपनि राई ढुङ्गो हुनुले प्रशासकीय केन्द्र भएको र केही पुरातात्विक सामग्री पाइने जानकारी दिएको छ । रोकायाबाडाले अधिकांश सङ्घ-संस्थाको केन्द्र र काल्या देउको प्रभाव सुनाएको छ ।

लौठीले जोतिषी कार्य, विगोठीको हिल्सा र महादेवले तातो तेल पिएको कथा सुनाइरहेको छ । बारीगाउँले प्राकृतिक सम्पदाको रुपमा रहेको जल, जमीन, जङ्गल र जडीबुटीको स्रोत, यस क्षेत्रका धामीहरुले छापविदो लिने कालिका थान, नौमुली झरनाको व्यवहार, खौला लेकमा कङ्कसुर दानवको क्षतविक्षत् शरिरको जानकारी दिइरहेको छ । पाल्सले जहाँबाट आएपनि पालिन बस्ने ठाउँको परिचय, मुन्या लेकको कहानी, कहीं नभएको होचो वनस्पति बाउवीर्या रुख र चोख्या पर्वको महिमा सुनाइरहेको छ ।

यस्तै विभिन्न पैकेलाहरुको कथा सुन्न बाँकी छ । सर्केगाडमा देवपुरी हुम्ला र अदानचुलीमा गल्वा

*बाँकी तीन पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

# अब आउने वर्षाले आगलागी घटाउन सघाउने

काठमाडौँ, २३ वैशाख (रासस)।

गर्मीका कारण आक्रान्त भइरहेका समयमा पछिल्लो केहीदिनयता मुलुकका धेरै स्थानमा मौसम बदली हुन थालेको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले आइतबार पूर्वको कोसीका केही भूभागमा हल्कादेखि मध्यम वर्षा हुने र सोमबार र मङ्गलबार अन्य प्रदेशका विभिन्न ठाउँमा वर्षा हुने जनाएको छ।

विभागमा मौसमविद् सरोज पुडासैनीले मौसम बदलीका कारण पछिल्ला केही दिनदेखि तापक्रम घट्दो क्रममा रहेको जानकारी दिँदै अब बढ्दो आगलागीलाई प्रभाव पार्ने गरी ठाउँठाउँमा वर्षा हुने रासससलाई जानकारी दिनुभयो।

उहाँले शनिबारदेखि नै तराईका जिल्लामा ४० डिग्रीभन्दा तल नै तापक्रम रहेको जानकारी पनि दिनुभयो। यो क्रमशः घट्दै जाने उहाँले बताउनुभयो। हिजो काठमाडौँमा २९.५ डिग्री तापक्रम थियो। हिजो सबैभन्दा धेरै धनगढीमा ३९.३ र भैरहवामा ३८ डिग्री थियो। वर्षाको सम्भावना रहेकाले तल्काल तापक्रम नबढ्ने उहाँले बताउनुभयो।

केहीदिनअघि यसपाली तापक्रम सबैभन्दा बढी भैरहवामा ४३.६ डिग्रीसम्म पुगेको थियो। पुडासैनीका अनुसार आइतबार कोसीका केही स्थानमा र भोलि कोसी र गण्डकीका थोरै क्षेत्रमा पानी पर्ने र बाँकी पहाडी भूभागका केही क्षेत्रमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

पर्सी भने कोसी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसमविद् पुडासैनीले जानकारी दिनुभयो। अब पर्ने पानीले कतिपय ठाउँमा भइरहेको आगलागी घटाउन सहयोग पुग्ने महाशाखाले जनाएको छ।

हाल नेपालमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको मौसमविद् पुडासैनीले बताउनुभयो। उहाँका अनुसार सोही मौसमी प्रणालीका कारण देशका पहाडी भूभागमा आंशिक बदली रहेको छ।

### *जेसीजलाई युवाहरु ...*

जेसीजका उपाध्यक्ष भएका राजवंशीले राजविराज जेसीजको लामो इतिहास रहेको र सक्षम लिडरहरु रहेकाले शाखाको चार महिनाको गतिविधिमा सक्रियता आएको बताए।

नेपाल जेसीजले शाखाहरुमा गतिविधि सञ्चालन गर्न केही सहयोग गर्ने गरेको बताउँदै सो लिन राजविराज जेसीजले बाताबरण बनाउनु पर्ने र माग गर्नु पर्ने सुझाव समेत उनले दिए।

नेपाल जेसीजले देशै भरिमा भएका आफ्ना शाखाहरुको स्थलगत भ्रमण गरी त्यहाँका अवस्था बुझ्न र समस्या भए सो को सामाधान गर्न आफ्ना उपाध्यक्ष र कार्यकारी उपाध्यक्षहरुलाई परिचालित गर्ने कार्य अन्तरगत आफ्नो भ्रमण भएको उनको भनाई थियो।

उक्त कार्यक्रममा बोल्दै राजविराज जेसीजका पूर्व अध्यक्ष सतीश कुमार दत्तले शाखा स्थापनाको ४९ बर्ष भई सकेको परिवेशमा यस कार्यकालले आउँदो बर्ष हुने स्वर्ण जयन्तीको लागि पूर्वाधार तैयार गर्नु पर्ने भएकोले कठिन मेहनत गर्नु पर्ने उल्लेख गरे।

राजविराज जेसीजको आफ्नै भवनमा बर्ष २०२४का अध्यक्ष विप्लव आनन्दको अध्यक्षतामा भएको मिट एण्ड ग्रिट कार्यक्रमको सञ्चालन यस बर्षका महासचिव पंकजकुमार देवले गरेका थिए।

### *स्थानीय पाठ्यक्रमको ...*

दरा लेख्नपर्ने देखियो। खोजबिन गर्ने हो भने नलेखिएका इतिहास पाइने देखियो। के यस बारेमा लेख्न र अनुसन्धान गर्न तयार हुनुहुन्छ ? 'कपी एण्ड पेस्ट' गरेर लेख्ने र शोध गर्ने परम्परा अन्त्य गर्न विश्वविद्यालय र शोधकर्ताको ध्यान यतातिर तान्न ढिलो भइरहेको छ। विश्वको गन्तव्य नेपाल र नेपालको गन्तव्य कर्नाली बनाउँदै गर्दा कर्नालीको गन्तव्य सबैले आ-आफ्नो गाउँपालिका र गाउँ बनाउन लगाउनु पर्छ।

यो धुवाँ नआउने पर्यटन उद्योगबाट फाइदा लिन सबैले आफ्नो गाउँठाउँको सही, सत्य जानकारी दिन सक्नुपर्छ। त्यसलाई स्थानीय पाठ्य सामग्रीमा समेट्न आवश्यक छ। यसले आधारभूत रुपमा नैतिकता, मानवीयता, भाषा, कला, संस्कृति र कानुनको समेत आधारभूत ज्ञान दिन सक्नुपर्छ। कक्षा ८ पढ्दासम्म कम्तीमा १०८ वटा विषय क्षेत्रका बारेमा ज्ञान र सीप पाएको हुनुपर्छ। कक्षा तीनसम्म आमा कक्षा, पाँचसम्म समाज कक्षा र आठसम्म आधार कक्षा बनाउन सके असमान पढाइ समान प्रतिस्पर्धामा उत्रनुपर्ने अवस्थालाई सहज बनाउन सकिन्छ। सबैलाई चेतना भया। (*लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुनुहुन्छ*)




जल तथा मौसम विज्ञान विभागले तापक्रम बढेसँगै तराईका जिल्लाहरुमा तातोहावा लु चल्न सक्ने सम्भावना रहेको र यसले स्वास्थ्यमा असर पार्न सक्ने भएकाले सचेत रही सुरक्षाका उपायहरु अपनाउन अनुरोध गर्दछौं।

**तातोहावा लु बारे बुझौं र बच्न सुरक्षाका उपायहरु अपनाऔं।**




**अनुरोधकर्ता**

**कंचनरुप नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**

**महादेवा गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### संदिग्ध काश्मिर विद्रोहीद्वारा भारतीय वायुसेनाका कर्पोरेलको हत्या

श्रीनगर (भारत), २३ वैशाख (रासस/एएफपी)।

भारत प्रशासित काश्मिरमा एउटा सैन्य 'एस्कर्ट' मा संदिग्ध विद्रोहीहरूले आक्रमण गर्दा भारतीय वायुसेनाका एक सदस्यको मृत्यु भएको र अन्य चार जना घाइते भएको आधिकारिक विज्ञप्तिमा जनाइएको छ। विवादित काश्मिर क्षेत्रमा राष्ट्रिय निर्वाचनका लागि प्रचार भइरहेको छ। अज्ञात सङ्ख्यामा सशस्त्र आतङ्कवादीहरूले 'एस्कर्ट' आक्रमण गरेको वायुसेनाले विज्ञप्तिमा उल्लेख गरेको छ। उनीहरूले श्रीनगरको मुख्य सहरबाट दुई सय किलोमिटर दक्षिणमा पहाडी पुन्च क्षेत्रमा वायुसेनाको कम्तीमा एउटा ट्रकमा स्वचालित राइफलबाट गोली चलाएका थिए। शनिबार राति गोलीबारीमा वायुसेनाका पाँच कर्मचारी घाइते भएको एक जनाको मृत्यु भएको थियो। मृत व्यक्ति कर्पोरेल भएको पहिचान भएको छ। छिमेकी निर्वाचन क्षेत्रले अप्रिल १९ को भारतको आम निर्वाचनको पहिलो चरणमा भाग लिएको थियो र पुन्चका मतदाताहरूले यसै साता आफ्नो मतदान गर्ने कार्यक्रम तय गरिएको थियो तर भारतको निर्वाचन आयोगले हालका दिनहरूमा खराब मौसमका कारण मे २५ सम्मका लागि मतदान स्थगित गरेको छ। सन् १९४७ मा आफ्नो स्वतन्त्रतादेखि काश्मिर भारत र पाकिस्तानबीच विभाजित छ। दुवैले यस क्षेत्रमाथि पूर्णरूपमा दाबी गर्दछन् तर यो विभाजित भागमा प्रशासित छ। सन् १९८९ देखि भारतीय शासनको विरोध गर्ने विद्रोही समूहहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै भारत-नियन्त्रित काश्मिरमा विद्रोह सुरु गरेका छन्। द्वन्द्वमा हजारौँ नागरिक, सैनिक र उग्रवादी मारिएका छन्।अशान्त काश्मिर क्षेत्रमा निर्वाचनका लागि प्रचार अभियान तीव्र भएका कारण गत महिनादेखि यस क्षेत्रमा विद्रोही गतिविधिले तीव्रता पाएको छ। अप्रिलमा पूरा क्षेत्रमा तीन भिन्नाभिन्नै झडपमा तीन संदिग्द विद्रोही मारिएका छन् भने एक प्रहरी अधिकारी र तीन सैनिक घाइते भएका छन्। सन् २०१९ मा प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले काश्मिरको सीमित स्वायत्ततालाई रद्द गरेर सुरक्षा नियन्त्रण बढाएपछि त्यसयता हिंसामा धेरै कमी आएको छ। भारतमा छ सातासम्म चल्ने राष्ट्रिय निर्वाचन गत महिना सुरु भएको थियो र जनु १ मा समाप्त हुनेछ।

### अमेरिकाको टेक्सासमा बाढी प्रभावित क्षेत्रबाट छ सयभन्दा बढीको उद्धार

ह्युस्टन, २३ वैशाख (रासस/सिन्ह्वा)।

पूर्वी टेक्सासमा आइतवार दिउँसोसम्म बाढीको निगरानी जारी रहँदा अमेरिकाको चौथो ठूलो सहर ह्युस्टन वरपरका बाढीग्रस्त क्षेत्रबाट छ सयभन्दा बढी व्यक्तिको उद्धार गरिएको छ। बाढीको कारण जोखिम बढ्ने थप वर्षाको पूर्वानुमान गरिएको छ। राष्ट्रिय मौसम सेवाले सामाजिक सञ्जालमा अर्को चरणको भारी वर्षाको सम्भावना शनिबार ढिलो ( आइतबार)सम्म हुने पोष्ट गरेको छ। ह्युस्टनबाट ३० माइल (५० किलोमिटर) उत्तरपूर्वमा रहेको स्प्लेन्डोरा सहर नजिकै गत पाँच दिनमा २१ इञ्च (५३ सेन्टिमिटर) भन्दाबढी पानी परेको मौसम सेवाले जनाएको छ। ह्यारिस काउन्टीका न्यायाधीश लिना हिडाल्गोले, "शनिबार एक पत्रकार सम्मेलनमा देशका विभिन्न क्षेत्रमा धमिलो पानीबाट झन्डै एक सय ८० जना मानिस र एक सय २२ जना घरपालुवा जनावरको उद्धार गरिएको बताउनुभयो।" स्थानीय मिडियाले पोल्क देशमा एक सय जनाभन्दा बढी र मोन्टगोमेरी देशमा चार सयभन्दा बढी उद्धार गरेको रिपोर्ट गरको छ। पानी सान ज्याकिन्टोको पूर्वी फोर्क नजिकको विद्युतीय लाइन जत्तिकै उच्च स्थानमा रहेको र अन्य क्षेत्रमा छानासम्म पानी पसेको थियो। हिडाल्गोले पूर्वी फोर्कको बाढीलाई हार्वे पछिको सबैभन्दा खराब भनेर वर्णन गरको छ। हिडाल्गोले बिहीबार सान ज्याकिन्टो नदीको पूर्वी फोर्कमा रहेको ह्युस्टन क्षेत्रका वस्तीलाई अनिवार्य खाली गर्न आदेश दियो र त्यहाँका बासिन्दालाई सकेसम्म चाँडो आफ्नो घर छोड्न आग्रह गरको थियो। ह्युस्टन सहरका अधिकारीले शनिबार यस क्षेत्रमा करिब एक हप्तामा करिब चार महिना बराबरको वर्षा भएको जनाएको छ। हालसम्म कसैको मृत्यु वा घाइतेको खबर आएको छैन।

### गुगल प्ले स्टोरमा सामसुङको "गुड लक" एप

वासिङ्टन, २२ वैशाख (रासस/एएनआई)।

सामसुङको लोकप्रिय एप्लिकेसन 'गुड लक'लाई गुगल प्ले स्टोरमा राख्न थालिएको छ। जसले सामसुङ मोबाइलका प्रयोगकर्ताहरूको पहुँचमा महत्त्वपूर्ण विस्तार ल्याएको छ। विगतमा सामसुङको ग्यालेक्सी स्टोरमा मात्र उपलब्ध यो एप अब एन्ड्रोइडका सबै प्रयोगकर्ताले डाउनलोड गर्न सक्ने जीएसएम एरेनाले जनाएको छ। सामसुङले आफ्ना प्रयोगकर्ताहरूलाई आफ्ना एपहरूको पहुँच गर्न थप लचकता प्रदान गर्ने उद्देश्यले यो कदम चालेको हो। यद्यपि, गुगल प्ले स्टोरमा गुड लक एपलाई हाल प्रारम्भिक पहुँचको रूपमा लेबल गरिएको छ जसले प्रयोगकर्ताहरूलाई सावधानी अपनाउन सुझाव दिन्छ। गुड लक एपको अतिरिक्त, सामसुङले गुगल प्ले स्टोरमा वन ह्यान्ड अपरेशन प्लस मोड्युल पनि समावेश गरेको छ। जसले सामसुङका प्रयोगकर्तालाई थप विकल्पहरू उपलब्ध गराउन सक्ने एरिनाले जनाएको छ। उक्त मोड्युल पहिले ग्यालेक्सी स्टोरमा मात्र उपलब्ध थियो र प्रयोगकर्ताहरूले अब अन्य प्लेटफर्मबाट पनि डाउनलोड गर्न सक्नेछन्। गुगल प्ले स्टोरमा सामसुङको अनुप्रयोगहरूको विस्तारले प्रयोगकर्ताहरूलाई थप सुविधा प्रदान गर्दछ। यसलाई पूर्व-रिलीज संस्करणहरूमा उत्पन्न हुन सक्ने सम्भावित बगहरूका समस्यालाई विचार गर्दै विवेकका साथ प्रारम्भिक पहुँच ट्यागमा पुग्न सल्लाह दिइन्छ। बग भन्नाले कम्प्युटर प्रोग्राम वा हार्डवेयर प्रणालीमा भएको त्रुटि, गल्ती वा त्रुटिलाई जनाउँछ। यी प्रस्तावहरू खोजी गर्न चाहनेहरूका लागि गुड लक एप र वन ह्यान्ड अपरेसन प्लस मोड्युल दुवै अब गुगल प्ले स्टोर र ग्यालेक्सीबाट डाउनलोड गर्नका लागि उपलब्ध रहेका छन्।

# संस्कृतिको संरक्षण र सम्बर्द्धन हाम्रै दायित्व हो : तातेड़




**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

समाजसेवी कुँवर सिंह तातेड़ले आफ्नो भाषा र संस्कृतिको संरक्षणका साथै सम्बर्द्धन गर्नु पनि हाम्रै दायित्व रहेको बताएका छन् ।

शनिवार राजविराजमा हिन्दु स्वंय सेवक संघले आयोजना गरेको एक कार्यक्रममा उनले यस्तो बताएका हुन ।

हिन्दु स्वंय सेवक संघ सप्तरीले स्थानीय पवि उच्च माध्यमिक विद्यालयमा भएको "स्वामी विवेकानन्द संस्कृति ज्ञान परिक्षा-२०८१"को पुरस्कार बितरण समारोहमा प्रमुख अतिथिको आसनबाट बोल्दै समाजसेवी तातेड़ले आधुनिकता झाँगिदै गएको आजको परिवेशमा हिन्दु धर्म र संस्कृतिमा क्षय हुँदै गएकोले हामीले यसतर्फ सजग भई कार्य गर्नु पर्ने उल्लेख गरे ।

तातेड़ले टि.भी. र मोबाइलको बढ्दो उपयोगले बालबालिकामा यसको चाँडो र बढी प्रभाव पर्ने भएकाले बालबालिकालाई यसबाट जोगाउनु पर्ने आवश्यक रहेकोमा स्वंय सेवक संघले आयोजना गरेको कार्यको प्रशंसा गरेका थिए ।

स्थानीय प.वि. उच्च माध्यमिक विद्यालयमा भएको आजको बालबालिकामा आफ्नो धर्म संस्कृति प्रति आकर्षण जगाउन हिन्दु स्वंय सेवक संघ, सप्तरीले बर्षेनी गर्दै आएको संस्कृति ज्ञान परिक्षा यस बर्ष पनि आयोजना गरेको छ ।

जिल्ला भरिका २० भन्दा बढी विद्यालयका करिब ४०० छात्रहरु सहभागी रहको यस परिक्षामा यस बर्ष १९ जना छात्र-छात्राहरुले समान सर्वाधिक अंक ल्याएर संघका परिक्षकहरुलाई अचम्भित बनाएको संघका बौद्धिक विभागका प्रमुख प्रयाग यादवले बताएका छन ।

५० पूर्णाङ्क राखी धर्म, संस्कृति र नेपालको राष्ट्रियता सम्बन्धी बिषय-वस्तु राखी लिईएको परिक्षामा १९ जनैले समान ५० अङ्क ल्याएकाले उनीहरु बिच गोलाप्रथा गरी प्रथम, द्बितिय र तृतिय छुट्टयाईएको यादवले जानकारी गराएका छन ।

यसरी प्रथम हुनेमा शिव ईन्टरनेशनल माध्यमिक विद्यालयका जय किशन राय रहेका थिए भने प.वि.उच्च मा.वि.की छात्रा ज्योती मण्डलले दोश्रो र कुनै विद्यालयबाट नभई स्वतन्त्र रुपले सहभागी भएका बिष्णुपुर पालिकाका मनोजकुमार साहले तेश्रो स्थान प्राप्त गरेका छन । समान अङ्क ल्याएका १९ जनै छात्र-छात्राहरुलाई प्रमाण पत्र र डायरी तथा कलम जस्ता समग्रीका साथै प्रथम हुनेलाई रुपैया ७ हजार १, दोश्रोलाई ५ हजार १ र तेश्रो हुनेलाई ३ हजार १ नगद पनि प्रदान गरिएको थियो ।

संघका सप्तरी सञ्चालक भोगेन्द्र झाको अध्यक्षतामा भएको पुरस्कार बितरण समारोहमा विश्व हिन्दु परिषदका संगठन सचिव प्रह्लाद रेग्मी, संघका राष्ट्रिय प्रचारक वेदप्रकाशजी, जनकपुरका सम्भाग संघ चालक अशोक शर्मा, सञ्चारकर्मी तथा मैथिली साहित्य परिषदका पूर्व अध्यक्ष सतीश कुमार दत्त, सागरमाथा माहेश्वरी मञ्चके राष्ट्रिय उपाध्यक्ष अञ्जना पेड़िवाल र समाजसेवी तथा युवा राजनीतिज्ञ जयप्रकाश यादव लगायतका वक्ताहरुले हिन्दु धर्म, संस्कृति र राष्ट्रियताको बिषयमा रही आफ्ना-आफ्ना मनतव्य व्यक्त राखेका थिए ।

संघका छिन्नमस्ता विभाग कार्यवाहक लोकेन्द्र झाद्वारा सञ्चालित कार्यक्रममा छिन्नमस्ता विभाग कै संघ चालक राम नरेशजीले स्वागत व्यक्त गरेका थिए । कार्यक्रममा बिच बिचमा आधुनिकता मिश्रित धार्मिक भाव समेटेका सांस्कृतिक गीत र नृत्यहरु सहभागी विद्यालयका छात्र-छात्राहरुले प्रस्तुत गरेका थिए ।

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

हाम्रो विशेषताहरु
- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ।
- Monthly Test को व्यवस्था भएको ।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१




अनुरोधकर्ता
सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*